## कोभिड १९ को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रणको लागि मिति २०७६/१२/१८ गते बसेको खिजीदेम्वा गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु :-

१. खिजीदेम्वा गाउँपालिकाका सबै जनप्रतिनिधिहरुले प्रदेश सभाले बनाएको गाउँ सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धि बनेको ऐन २०७५ बमोजिम आफुहरुले प्राप्त गर्ने एक महिनाको सेवा सुविधा वापतको एकमुष्ठ रकम रु ८,१०,०००।- (अक्षरेपी आठ लाख दश हजार मात्र) खिजीदेम्वा गाउँपालिकाको विपद कोषमा जम्मा गरी विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को रोकथाम, प्रतिकार्य र व्यवस्थापन गर्न खिजीदेम्वा गाउँपालिकाबासी आमसमुदायको हितमा आवश्यक स्वास्थ्य सामाग्री खरिद गरी वितरण गर्ने ।

२. खिजीदेम्वा गाउँपालिकाको हरेका वडा कार्यालयमा कोरोना भाइरस कोभिड १९ सूचना सम्पर्क इकाई राख्ने र प्रत्येक इकाइमा दैनिक पारीश्रमिक दिने गरी २ जना व्यक्ति नियुक्ति गर्ने ।

३. कोरोना भाइरस कोभिड १९ बाट सुरक्षित रहनको लागि संघ, प्रदेश सरकार तथा विभिन्न संघ संस्थाहरु सँग आवश्यक सहयोग माग गर्ने ।

४ कोरोना भाइरस कोभिड १९ ले सृजना गरेको विपद परिस्थिलाई नियन्त्रण गर्न विपद सँग सम्बन्धित थप सामाग्री माग भए बमोजिम खरिद गर्ने ।

५. कोरोना भाइरस कोभिड १९ को लागि स्वास्थ्य सँग सम्बन्धित आवश्यक औषधी तथा उपकरण खरिद गर्ने । साथै नियमित रुपमा आवश्यक पर्ने औषधी समेत खरिद गरी स्वास्थ्य संस्थामा पठाउने ।

६. कोरोना भाइरस कोभिड १९ नियन्त्रणको लागि आवश्यकता अनुसार गाउँपालिकाको विपद कोष तथा अन्य मौज्दात कोषबाट हाललाई आवश्यक खर्च गर्ने ।

७. सबै वडामा लकडाउनको समय अवधिभर सामाजिक भोज भतेर मानिसको भिड हुने कुनै पनि कार्यक्रम नगर्न नगराउनको लागि वडा बासीमा गाउँपालिका तथा प्रत्येक वडा कार्यालयले आफ्नो वडामा सूचना प्रचार प्रसार गरी सोको कार्यान्वयन कडा रुपमा गर्ने गराउने । मृत्यु पश्चात गरिने सामाजिक संस्कारको हकमा वडा कार्यालय जनप्रतिनिधिहरुलाई सम्पर्क गरी सोहि अनुसार उच्च सतर्कताका साथ गर्ने गराउने ।

८. प्रत्येक वडाका कुनै पनि स्थानमा मादक पदार्थ उत्पादन र सेवनमा पुर्ण रुपले रोक लगाउने र कसैले अटेर गरी उत्पादन विक्रि वितरण तथा सेवन गरेमा तत्काल आवश्यक कानुनी कार्वाहीको प्रकृया अगाडि बढाउने ।

९. दैनिक आवश्यक खाद्यन्न तथा तरकारी जन्य बस्तुको मात्र सहज आपूर्तीको लागि आवश्यकता अनुसार वडा कार्यालयको सिफारिसमा ढुवानीको व्यवस्था मिलाउने र उपभोक्ता हितको लागि प्रत्येक

खिजीदेम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल
स्था: २०७३

विहान ७ देखि ८ बजे सम्म र बेलुका ५ देखि ६ बजे सम्म मात्र खाद्यन्न र तरकारी पसलहरु खुल्ला गर्ने ।

१०. आफ्नो टोल बस्तीमा सरसफाई तथा फोहोर व्यवस्थापन सम्बन्धित टोल विकास समितिले गराउने ।

११. हरेक वडामा रहेका सामाजिक समुह, युवा क्लव आदि संघ संस्थाहरु लगायत सचेत नागरीकहरुलाई कोरोना भाइरस सङकमण रोकथामका लागि सकिय भुमिका निर्वाह गर्न गराउन सबैलाई अनिवार्य गराउने ।

१२. विदेशबाट आएको व्यक्तिहरुलाई सम्भव भए सम्म आफ्नै घरमा वा गाउँपालिकाको प्रत्येक वडामा स्थापना गरेको क्वारेनटाइनमा अनिवार्य बसाउने व्यवस्था गर्ने र अटेर गरी क्वारेनटाइनमा रहन नमानेमा सोको जानकारी वडा सम्पर्क इकाईमा तुरुन्त गराउने अटेर गर्ने व्यक्तिलाई वडा समन्वय समिति वडा कार्यालय तथा जनप्रतिनिधिहरुले सम्झाई बुझाई गर्दा पनि अटेर गरेमा आवश्यक कानुनी कार्वाहि गराउने । विदेशबाट आएको व्यक्तिहरुको फ्लाइट र एयरलाइन्स टिपोट गरी वडा कार्यालय तथा गाउँपालिकामा तथ्याङ्क बुझाउने ।

१३. कोरोना भाइरस कोभिड १९ को लक्षण देखा परेमा तुरुन्न स्वास्थ्य संस्थामा सम्पर्क गराउने ।

१४. खिजीदेम्वा गाउँपालिका भित्र रहेका कुनै पनि स्वास्थ्य संस्थामा स्वास्थ्य कर्मिको अभाव हुन नदिने ।

१५. गाउँपालिकाबाट व्यवस्थापन गरिने विपद संग सम्बन्धित सम्पुर्ण कार्य आवश्यकता अनुसार अघि बढाउने ।

१६. स्थानीय टोल विकास समिति, संघ संस्था, युवा क्लवहरु, वडा समन्वय समिति, वडा कार्यालय सँग र सुरक्षा निकायहरु पगाउँपालिका स्वास्थ्य शाखा सहित वडा समन्वय समिति वडा कार्यालय र गाउँपालिका समन्वय समिति र गाउँपालिका यो निर्णय सहित नेपाल सरकारले जारी गरेको नीति निर्देशन पालना गर्न गराउन हरपल समन्वयमा रहने ।

१७. कोरोना भाइरस सँग सम्बन्धि सबै प्रकारका विवरण प्रत्येक दिन सम्बन्धित निकायमा अपडेट गराउने ।

१८. कोराना भाइरस कोभिड १९ सँग सम्बन्धित एउटा टोलमा रहेका सम्पुर्ण गतिविधिहरु अर्को टोलमा जानकारी गराउने ।

१९. प्रत्येक व्यक्तिले एक अर्कामा स्वास्थ्य सुरक्षाको निगरानी राख्ने वृद्ध वृद्धा दिर्घ रोगी भएकाहरुको लागि निजको घर परिवारमा व्यक्ति व्यक्ति विचको निश्चित दुरी अपनाई सावधानी अपनाउन लगाउने ।

खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल
स्था: २०७३

२०. कोरोना भाइरस कोभिड १९ सङ्कमण रोकथामाको लागि गठित गाउँपालिका समन्वय समिति र वडा समन्वय समितिले आ-आफ्नो ठाउँबाट सकिय भुमिका निर्वाह गर्ने ।

२१. स्वास्थ्य कर्मिहरुलाई सहज रुपमा काम गर्ने वातावरण तयार पार्न सम्बन्धित सबै पक्षले आवश्यक सहयोग गर्ने ।

२२. कोरोना भाइरस कोभिड १९ मा गाउँपालिकाबाट स्थापना गरेका क्वारेनटाइनमा रहदा बस्दा विरामीको सम्पुर्ण खर्च गाउँपालिकाले व्यवस्था गर्ने ।

२३. विपदको समयमा अहोरात्र सेवा दिने स्वास्थ्य कर्मि तथा कर्मचारीहरुको सेवाको उच्च कदर गर्दै उपयुक्त थप सेवा सुविधा प्रदान गर्ने ।

२४. कोरोना भाइरस कोभिड १९ सङ्कमण नियन्त्रणका लागि गाउँपालिकाले गरेका निर्णयको जानकारी जिल्ला प्रशासन कार्यालय ओखलढुंगा, जिल्ला प्रहरी कार्यालय ओखलढुंगा, प्रदेश सरकार तथा संघीय सरकार गृहमन्त्रालयमा जानकारी गराउने ।

२५. मिति २०७६/१२/०९ गते गठन भएको स्थानीय समन्वय समिति अनुमोदन गर्ने तथा उक्त समितिलाई आवश्यक सहयोग गर्ने ।

२६. नेपाल सरकारबाट प्राप्त निर्देशन जिल्ला प्रशासन तथा गाउँपालिकाबाट जारी निर्देशन प्रचलित कानुन बमोजिम कडाइका साथ पालना गर्न गराउन इलाका प्रहरी कार्यालय खिजीफलाटे तथा मातहतका अन्य प्रहरी चौकीहरुले आवश्यक व्यवस्था गर्ने ।

२७. कोरोना भाइरस कोभिड १९ रोगको रोकथाम तथा नियन्त्रण कार्यको शिलशिलामा उक्त रोगबाट स्वास्थ्य कर्मीहरु विरामी भएमा निज स्वास्थ्य कर्मीलाई उपचार स्थलमा आउने जाने व्यवस्था सहित उपचारको व्यवस्था गरिने छ साथै कोभिड १९ को रोकथाम कार्यमा खटिने शिलशिलामा कोरोना संक्रमित भई मृत्यु भएमा रु १० लाख रुपैयाँको जिवन विमा गर्ने

२८. कोरोना भाइरस कोभिड १९ संक्रमण नियन्त्रणका लागि हालसम्म सहयोग गर्नुहुने सम्पुर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु, सुरक्षकर्मिहरु, संघसंस्थाहरु, सञ्चारकर्मीहरु साथै सम्पुर्ण सचेत नागरीकहरु तथा आम खिजीदेम्वा गाउँपालिका बासीहरुमा धन्यबाद ज्ञापन गर्दै आगामी दिनहरुमा समेत प्रभावकारी रुपमा निरन्तर सहयोगको लागि हार्दिक अपिल गर्दछौं ।

२९. आवश्यकता अनुसार बैठक बस्ने निर्णय गरियो ।

बहादुर रोका
अध्यक्ष

## कोभिड १९ को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि खिजीदेम्बा गाउँपालिकाले गरेका कार्यक्रमः

१. **वर्तमान अवस्था :** विश्वव्यापी महामारीको रुपमा फैलिएको नोबेल कोभिड १९ कोरोना भाइरस रोगको संक्रमण बढ्दै गएकोले रोकथाम तथा नियन्त्रणका लागी खिजीदेम्बा गाउँपालिकाको हरेक वडा वडामा टोलटोलमा जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सहयोगी संस्थाहरु, सुरक्षा निकाय तथा सचेत नागरिकहरुले गरेको प्रचार प्रसारको प्रभाव स्थानीय आम सर्वसाधरणमा सकरात्मक रुपमा परेको साथै रोग संक्रमणबाट बच्ने उपायहरु र रोग संक्रमण रोकथाम गर्न थप प्रचार प्रसारको आवश्यक परेको हुँदा निरन्तरता दिने ।

२. **हेल्थ डेस्क तथा क्वारेन्टाईन व्यवस्था :** प्रत्येक वडामा न्युनतम ५ शैयाको दरले तपशील अनुसारको गाउँपालिकाभित्र १३ स्थानमा ५८ शैयाको क्वारेन्टाईन कक्षको स्थापना गरिएको छ । साथै ११ स्थानमा हेल्थ डेस्क स्थापना गरिएको छ ।

तपशील

| क्र.सं. | वार्ड नं. | स्थान | शैया संख्या | कै |
|---|---|---|---|---|
| १. | खिजीदेम्बा-१ | नर्मदेश्वर मावि, रगनी चप्लेटी | ८ | |
| २. | | लिखु -४ जलविद्युत आयोजना, रगनी, लिम्ति | ६ | |
| ३. | खिजीदेम्बा-२ | चण्डेश्वरी मावि, रगनी, पोल्थली | ५ | |
| ४. | | बौद्ध स्वास्थ्य इकाई | ३ | |
| ५. | खिजीदेम्बा-३ | स्वास्थ्य चौकी खिजीचण्डेश्वरी | ५ | |
| ६. | खिजीदेम्बा-४ | आमा समुह भवन, खिजीकाती | ५ | |
| ७. | खिजीदेम्बा-५ | स्वास्थ्य चौकी खिजीफलाटे | ६ | |
| ८. | खिजीदेम्बा-६ | चम्पादेवी आवि, बन्से | ५ | |
| ९. | खिजीदेम्बा-७ | स्वास्थ्य भवन, दोलु | ५ | |
| १०. | खिजीदेम्बा-८ | पिके आवि, भुसिङ्गा | ५ | |
| ११. | खिजीदेम्बा-९ | फाप्रे आवि, पात्ले | ५ | |
| | | जम्मा | ५८ | |

क्वारेन्टाईनमा बस्ने व्यक्तिहरुको व्यवस्थाको लागि चिकित्सकसँग निरन्तर परार्मश लिई सुरक्षा सहितको स्वास्थ्य सेवा उपलब्ध गराउनुका साथै खानेबस्ने व्यवस्था गाउँपालिकाबाट मिलाईने छ । सोको आवश्यक व्यवस्थापन सम्बन्धित वडा कार्यालयबाट गरिनेछ । क्वारेन्टाईनमा रहने व्यक्तिहरुको स्वाब तथा आवश्यक परीक्षणका लागी स्वंयम व्यक्तिलाई नेपाल सरकारले तोकेको अस्पतालसम्म पुऱ्याउन आवश्यक परेमा सोको व्यवस्था समेत गाउँपालिकाबाट गरिनेछ ।

३. **स्वास्थ्यकर्मी परिचालन तथा व्यवस्थापन :** हरेक स्वास्थ्य संस्था तथा हेल्थ डेस्कमा काम गर्ने स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य सुरक्षाका विभिन्न सामाग्रीहरु तथा उपरकणहरु उपलब्ध गराईएको । गाउँपालिकामा विद्यमान २९ जना स्वास्थ्यकर्मीहरु परिचालन गरिएको ।

४. **प्रचारप्रसार :** जनप्रतिनिधि, स्वास्थ्यकर्मी, संघसंस्था, स्वयम सेवक, सुरक्षाकर्मी, स्वयमसेविका तथा सचेत नागरिकहरुबाट वडा वडा स्तर तथा गाउँपालिकास्तरबाट कोरोना भाईरस रोगबाट बच्ने उपाय र सतर्कता सम्बन्धि सचेतनामुलक प्रचारप्रसार कार्यक्रम गाउँपालिकाभित्र हरेक टोल बस्तीमा प्रभावकारी रुपमा माइकिङका साथै प्रचारप्रसार सामाग्रीसहित गरिएको । प्रत्येक टोल, बस्ती तथा बजारमा फ्लेक्स बोर्डबाट कारोना भाईरसको लक्षण र बच्ने उपायहरुको प्रचारप्रसार गरिएको । स्थानीय बजार बन्द गर्नुका साथै स्थानीय बजार टोल बस्तीमाा सार्वजानिक निर्माणका कामहरु बन्द गराउनुका साथै मानिसहरुको भेला भीडभाड बन्द गरिएको ।